# मैलुङ खोला जलविद्युत कम्पनी लिमिटेड

नवौं वार्षिक साधारण सभाको काम कारवाहिको विवरण(माइन्यूट)

१. **वैधानिक सभा :**

कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम संस्थाको नवौं वार्षिक साधारणसभा सञ्चालक समितिका अध्यक्ष श्री बसन्तचन्द्र मरहट्टाज्यूको अध्यक्षतामा निम्न उल्लिखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय पारित भयो ।

२. **सभाको मिति, स्थन र समय :**

मिति : २०७९ साल पौष महिना २६ गते मंगलवार ( जनवरी १०,२०२३) ।

स्थान : लैनचौर व्यांक्वेट,लैनचौर,काठमाण्डौ

समय : विहान ११:०० बजे प्रारम्भ भई दिउँसो २:०० बजे सम्म

३. **सभाको सूचना :**

कम्पनी ऐन,२०६३ को दफा ६७ बमोजिम कम्पनीको नवौं वार्षिक साधारणसभाको सूचना शेयधनीहरुलाई पठाउनुको साथै मिति २०७९/०९/०५ र २०७९/०९/०६को राष्ट्रिय दैनिक नयाँ पत्रिकामा सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयको सूचना पनि शेयरधनी महानुभावहरुमा जानकारीको लागि प्रकाशित गरिएको थियो । साथै उपस्थित शेयरधनी महानुभावहरुलाई आर्थिक वर्ष २०७८/०७९ को वार्षिक लेखापरीक्षण प्रतिवेदन एवं आर्थिक वित्तीय विवरणहरु उपलब्ध गराईएको थियो ।

४. **छलफलको विषय :**

१. अध्यक्षज्यूको मन्तव्य तथा नवौं वार्षिक साधारण सभाकोलागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. आ.व. २०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्त सम्मको वासलात र आ.व. २०७८/०७९ को वार्षिक नाफा नोक्सान हिसाव विवरण र सोही अवधिको आर्थिक वित्तिय विवरणसँग सम्वद्ध अनुसूचिहरु समेत उपर छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ. व. २०७९/०८० को लागि लेखापरीक्षकको नियुक्ती गर्ने र पारीश्रमिक निर्धारण गर्ने ।
४. कम्पनीको ठेगाना परिवर्तन गर्ने सम्वन्धमा ।
५. विविध ।

५. उपस्थिति

५.१ सभामा उपस्थित सञ्चालकहरु :

**श्री बसन्तचन्द्र मरहट्टा**-सञ्चालक अध्यक्ष

**श्री गोरे शेर्पा**- सञ्चालक-सदस्य

**डा.तारा प्रसाद पोखरेल** -सञ्चालक-सदस्य

MAILUNG KHOLA JAL VIDHYUT COMPANY LIMITED 2002

श्रीमती फुल्मु शेर्पा-सञ्चालक-सदस्य

डा. सुनिल कुमार पोखरेल-सञ्चालक-सदस्य

श्री रघुनाथ कुईकेल-सञ्चालक-सदस्य

५.२ अन्य पदाधिकारीको उपस्थिति

१. श्री विनय चिपालु -महाप्रबन्धक
२. श्री दिनेश शाही -कम्पनी सचिव
३.श्री राजु शिवाकोटी -(जे.वि.आर.एच.एण्डकम्पनीचार्टर्ड एकाउन्टेन्ट्सकाप्रतिनिधि)
४.बद्री विशाल घिमिरे -कानूनी सल्लाहकार
५.सुश्री आकृती कटुवाल -कम्प्लाईन्स अफिसर

५.३ शेयरधनीहरुको उपस्थित

१. स्वयम उपस्थित हुने शेयरधनीहरुको संख्या - ६३
२. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरुको संख्या - ७
३. जम्मा उपस्थिति संख्या - ७०

६. गणपुरक संख्या(कम्पनी ऐन,२०६३ को दफा ७३ अनुरुप) शेयरधनीहरुको उपस्थित :

| उपस्थिति | प्रतिनिधित्व | | प्रतिशत |
|---|---|---|---|
| | शेयरधनी | शेयरकित्ता | शेयर संख्या |
| स्वयं उपस्थिति | ६३ | १७०१३६५ | ४६.२१ % |
| प्रोक्सी मार्फत | ७ | २३६९३० | ६.४३ % |
| जम्मा उपस्थिति | ७० | १९३८२९५ | ५२.६५ % |

७. सभाको वैधानिकता र सभाको अध्यक्षता

७.१ कम्पनीको नियमावली र कम्पनी ऐन, २०६३ को दफा ७३को उपदफा(२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयधनीको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको नवौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयधनीहरुको संख्या ७० भएको र कुल बाँडफाँड भएको ३६८१४३० कित्ता शेयरको ५२.६५ %प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिव श्री दिनेश शाहीले साधारण सभाको गणपुरक संख्या पुगेको प्रमाणित गरी प्रचलित कानून अनुसार सभा वैधानिक भएको जनाकारी गराउनु भयो ।

७.२ कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले ग्रहण गर्नु पर्नेमा कम्पनीका सञ्चालक समितिका अध्यक्ष डा.विरेन्द्र प्रसाद महतो गत मंसिर ४ गते भएको संसदिय निर्वाचन क्षेत्र नं.४ बाट सांसद पदमा उम्मेदवार भै विजय प्राप्त गरी संघिय संसदको सांसद पदमा निर्वाचित हुनु भएको साथै मिति २०७९/०९/२१ गते निजले राजिनामा दिनु भएको र मिति २०७९/०९/२२ को संचालक समितिवाट निजको राजिनामा स्विकृत भै बाँकी कार्यकालको लागि संचालक ईन्जिनियर वसन्त चन्द्र मरहट्टाज्यूलाई संचालक समितिको

कार्यकालको लागि संचालक ईन्जिनियर बसन्त चन्द्र मरहट्टाज्यूलाई संचालक समितिको अध्यक्षमा नियूक्त गरिएकोले यस गरिमामय नवौं वार्षिक साधारण को अध्यक्षता सञ्चालक समितिका अध्यक्ष श्री बसन्त चन्द्र मरहट्टा ज्यूले गर्नु हुने सम्वन्धमा कम्पनीका कम्प्लाईन्स अफिसर सुश्री आकृती कटुवालले जानकारी गराउँदै ११:०० बजे अध्यक्षश्री बसन्तचन्द्र मरहट्टाज्यूको अध्यक्षतामा कम्पनीको सभा शुरु गर्न कम्पनीको कम्प्लाईन्स अफिसर सुश्री आकृती कटुवालज्यूलाई अनुमति दिनु भए बमोजिम कम्प्लाईन्स अफिसरले सभालाई सञ्चालन गर्नु भयो ।

८. **स्वागत मन्तव्य :**

कम्पनीका सञ्चालक सदस्यश्री गोरे शेर्पाज्यूले यस साधारणसभामा उपस्थित शेयरधनी महानुभावहरु लगायत उपस्थित सबैलाई स्वागत अभिवादन गर्दै कम्पनीको काम कारवाही तथा कम्पनीको भावी योजनाको सम्वन्धमा छोटकरीमा प्रकाश पार्दै नवौं वार्षिक साधारणसभाको सफलताको लागि देखाउनु भएको अभिरुची सराहनीय भएको भन्दै स्वागत मन्तव्य दिनु भएको थियो ।

९. **नवौं वार्षिक प्रतिवेदनको प्रस्तुति :**

९.१ सभाको प्ररम्भको क्रममा आ.व. २०७८/०७९ को सञ्चालक समितिको लिखित प्रतिवेदन अध्यक्षज्यूले सभा समक्ष पढेर सुनाउनु भयो ।

९.२ तत्पश्चात आ. व. २०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्त सम्मको वासलात र आ. व. २०७८/०७९ को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण समेत छलफलका निमित्त सभा समक्ष प्रस्तुत गरीयो ।

१०. **छलफलका लागि आव्हान र सहभागी शेयरधनीहरु :**

१०.१ सञ्चालक समितिको वार्षिक प्रतिवेदन, आयोजना निर्माणको प्रगति प्रतिवेदन तथा कम्पनीको आ. व.२०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्त सम्मको वासलात र आ. व. २०७८/०७९ को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण उपर कुनै प्रश्न तथा सुझाव भए जानकारी गराउन सभाका अध्यक्षज्यूको आज्ञाले कम्प्लाईन्स अफिसर सुश्री आकृती कटुवालज्यूले शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नु भए पश्चात डमरु बल्लभ घिमिरे,शिव प्रसाद पौडेल,अमिर दास रंजित,उद्धव विष्ट,पेम्वा शेर्पा,मधुसुदन सापकोटा,लाक्पा शेर्पा तथा डम्वर बहादुर नेपाली लगायतका शेयरधनी महानुभावहरुले छलफलका क्रममा गर्नु भएको प्रश्न तथा जिज्ञासाहरुको सभाअध्यक्ष, तथा सम्वन्धित पदाधिकारीहरुले चित्त बुझ्दो जवाफ दिनु भएको थियो ।

११. **सभाको निर्णय :**

आजको सभामा शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएको अमूल्य सुझाव, सल्लाहलाई कम्पनीले उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दै जाने प्रतिवद्धता व्यक्त गर्दै सभामा प्रस्तुत प्रस्तावहरुलाई क्रमशः पारित गरिदिन सभाका अध्यक्ष श्री बसन्तचन्द्र मरहट्टाज्यूले सभा समक्ष अनुरोध गर्नु भयो ।

MAKALU KHOLA JAL VIDHYUT COMPANY LIMITED 2062

**१). सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.ब.२०७८/०७९को प्रतिवेदन पारित गर्ने ।**

अध्यक्षज्यूको मन्तव्य तथा नवौं वार्षिक साधारणसभाको लागि सञ्चालक समितिको तर्फबाट आ.व. २०७८/०७९ को प्रतिवेदन अनुमोदनका लागि सभा समक्ष प्रस्तुत गर्नु भएकोमा सभाले सर्वसम्मतीबाट अनुमोदन गरी पारित गर्ने निर्णय गऱ्यो ।

**२). आ. व. २०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्त सम्मको वासलात र आ. व. २०७८/०७९को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण माथि छलफल गरी पारीत गर्ने ।**

लेखापरिक्षकको प्रतिवेदन सहित २०७९ साल आषाढ मसान्तको वासलात, २०७८श्रावण १ गते देखि २०७९ साल आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान बाँडफाँड हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचिहरु पारित गरियोस भनी सभाका अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित वित्तीय विवरणहरु सर्वसम्मतिबाट परित गर्ने निर्णय गऱ्यो ।

**३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.ब. २०७९/०८० को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको परिश्रमिक निर्धारण गर्ने ।**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ. व. २०७९/०८० को लागि लेखापरिक्षक नियुक्त गरी निजको पारिश्रमीक निर्धारण गरीयोस भनि लेखा परिक्षण समितिबाट सिफारिश भै आएका जे.एस. एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेट्सलाई नियुक्त गर्ने र पारीश्रमिकको हकमा रु.७०,०००/- (अक्षरेपी सत्तरी हजार मात्र)(मू.अ.कर बाहेक) निर्धारण गर्ने निर्णय पारीत गऱ्यो ।

**४)कम्पनीको ठेगाना परिवर्तन गर्ने सम्वन्धी विशेष प्रस्ताव ।**

यसकम्पनीको कार्यालय साबिकमा जिल्ला काठमाण्डौ,काठमाण्डौ म.न.पा.वडा नं. १ मा रहेकोमा उक्त स्थानबाट कार्यालयलाई सारी जिल्ला काठमाण्डौ,काठमाण्डौ म.न.पा.वडा नं.२ मा कार्यालय कायम गर्नुपर्ने भएकाले कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीको दफा तथा नियममा संशोधन गर्ने भन्ने निर्णय गरियो ।

**५) विविध ।**

(क) विविध सम्वन्धमा छलफल हुँदा गत वार्षिक साधारण सभाले कम्पनीको आयोजनाको खस्कदो अवस्थालाई सुधार एवं गुणस्तरीय बनाउनका लागि गठित व्यवस्थापन समितिबाट भए गरेको कार्यहरुको सभाले स्वागत गरेको थियो

१२. **कम्पनी ऐन, २०६३ को दफा ७४ बमोजिम छलफल र निर्णय :**

कम्पनी ऐन २०६३ को दफा ७४ मा उल्लेख भए बमोजिम यस कम्पनीको नवौं वार्षिक साधारणसभाको अध्यक्षता कम्पनीका सञ्चालक अध्यक्ष श्री वसन्तचन्द्र मरहट्ठाज्यूले गर्नु भएको र साधारणसभामा छलफल गरिने भनि सुचना गरीएको सबै विषयहरु प्रस्तावको रुपमा सभा समक्ष पेश गर्नु भएको र उक्त सर्म्पूण प्रस्तावहरु सभाले सर्वसम्मतिबाट पारित गरेको सभाका अध्यक्षज्यूले घोषणा गर्नुभयो ।

धन्यवाद ज्ञापन सभा विसर्जन :

सभा-अध्यक्षज्यूको सहमति वमोजिम कम्पनीका सञ्चालक सदस्य श्री गोरे शेर्पाज्यूले कम्पनीको नवौं वार्षिक साधारणसभामा सहभागी भई सभालाई सूचारु रुपमा सम्पन्न गर्न गराउन सहयोग पुऱ्याउनु भएकोमा सबै शेयरधनीहरु, सञ्चालक समितिका सहकर्मी सदस्यहरु, व्यवस्थापन तथा कर्मचारीहरु, आमन्त्रित व्यक्तिहरु, कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्ने अन्य सम्वद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो साथै शेयरधनीहरुले सञ्चालक समिति प्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्नुभयो र नवौं वार्षिक साधारणसभा विसर्जन भएको घोषणा गर्नु भयो ।

कम्पनी सचिव

सभा-अध्यक्ष